आनन्दलोक हास्पिटल
एवं टेस्ट ट्यूब बेबी सेन्टर
डा. आनन्द अग्रवाल — (एस. एस. युरोलॉजिष्ट) गोल्ड मेडलिस्ट
डा. अल्पना अग्रवाल — स्त्री एवं प्रसुती रोग विषेशज्ञ
विश्व की नवीनतम तकनीक लेजर एवं लैप्रोस्कोपी द्वारा पत्थरी ट्यूमर एवं अन्य आपरेशन
डा.कनिका पोपली अग्रवाल (स्किन रोग विशेषज्ञ)
एम.बी.बी.एस., एम.डी., एफ. आई.ए.एल., ए.एस.आई (आस्ट्रेलिया)
डर्मेटोलॉजी, लेजर, कास्मेटोलॉजी,
ICU, Neuro & Trauma, टेस्ट ट्यूब बेबी
आई सी एस आई (ICSI), आई यू आई (IUI)
सोनौली रोड, गोरखनाथ, गोरखपुर (भारत)
सम्पर्क - ००९१-६३९०५८७९९७

राष्ट्रिय 'क' वर्गमा वर्गीकृत
राष्ट्रिय दैनिक

# बुटवल टुडे

साझा विचार, ताजा समाचार

बालबालिकालाई निमोनियाबाट जोगाऔं
- निमोनियाबाट बालबालिकालाई बचाउन,
- नियमित रुपमा लगाईने खोपहरु लगाऔं।
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं।
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं।
- सरसफाईमा उचित ध्यान दिऔं।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष १३ | अंक ११ | सोमबार १२ कार्तिक २०८१ | Monday 28 October 2024 | पृष्ठ: ४ | मूल्य: ६ रुपैयाँ | www.butwaltoday.com

### तिहारमा स्थानीय तहको ध्यानः

# कृत्रिम फूल रोक्दै, प्राकृतिकलाई प्रोत्साहन



**स्वदेशी प्राकृतिक माला लगाउने प्रचलन बढ्दै जाँदा स्वदेशी किसानपनि व्यवसायी पुष्पखेतीमा हौसिएका छन्। स्थानीय तहहरूले प्लाष्टिकजन्य सामान बिक्री वितरणमा रोक लगाउँदा स्वदेशी किसानको उत्पादनले बजार पाउने आशा बढ्दै गएको छ।**

**कृष्ण खनाल**
बुटवल, ११ कार्तिक।

कुनै समय थियो नेपालमा पर्याप्त मात्रामा फूल खेति हुँदैन थियो। पुष्प व्यवसायीहरू केही मात्रामा रहेपनि उनीहरूले व्यवसायिक सयपत्री खेती, मखमली खेती कम मात्र गर्दथे। केही पुष्प व्यवसायीहरूले घर, कार्यालय, भवन सजावटको लागि ईन्डोर र आउटडोर केही पुष्पविरुवा उत्पादन, बिक्री वितरण गरेपनि तिहार, विवाह, उत्सव, समारोहमा मालाको रूपमा प्रयोग हुने सयपत्री खेतीमा भने खासै ध्यान दिन सकेका थिएनन्।

पछिल्लो केही बर्ष यता भारतबाट करोडौ रूपैयाँको आयात हुने सयपत्री फूलको माला अहिले पनि केही लाखमा सीमित भएको छ। लामो समयदेखि रूपन्देही लगायत प्रदेशका विभिन्न तराई सहित पहाडी जिल्लाहरूमा पनि व्यवसायिक सयपत्री खेती गर्ने प्रचलन बढ्दै गएको हो। रूपन्देही जिल्लाको अलवा प्रदेशमा गुल्मी, पाल्पा, अर्घाखाँची, प्यूठान, रोल्पा, दाङमा समेत व्यवसायिक खेती भैरहेको छ। नवलपरासीमा पनि व्यवसायिक सयपत्री खेती गरिएको छ।

यसरी स्वदेशमा नै उत्पादन हुने प्राकृतिक पुष्पको प्रयोग गरेर माला लगाउने चलन समेत बढ्दै जाँदा नेपाली उत्पादनले बजारीकरण सहज रूपमा पाउनको लागि स्थानीय सरकारले समेत प्रोत्साहन दिँदै आएका छन्। व्यवसायिक पुष्पखेति गर्ने किसानलाई सरकारले उत्पादनमा बीऊ, लगाउँदा प्राविधिक सहयोग सहित उत्पादन पश्चात बिक्री वितरणमा समेत सहयोग गर्दै आएका छन्।

किसानले उत्पादन गरेको स्वदेशी माला बजारमा बिक्री वितरण होस् भन्ने हेतुले प्रदेशका विभिन्न जिल्लाका स्थानीय तहहरूले कृत्रिम माला विस्तापित गर्ने गरी निर्णय गरेर कार्यान्वयन समेत गर्दै आएका छन्। गत बर्ष पनि केही पालिकाहरूले 'प्लाष्टिकको कृत्रिम माला' बिक्रीमा प्रतिबन्ध लगाएका थिए। सोही अनुसार यो बर्ष पनि केही पालिकाहरूले यसको अभ्यास गरेका छन्। पाल्पाको रामपुर नगरपालिकाले गत असोज महिनामा नै प्लाष्टिकको माला बिक्रीमा प्रतिबन्ध लगाएको थियो।

पाल्पाको रामपुर नगरपालिकाले प्लास्टिकजन्य फूल तथा माला प्रयोग नगर्न आग्रह गरेको हो। गत असोज २१ गते सूचना प्रकाशित गरी स्थानीय उत्पादन फूलमाला प्रयोग गर्न आग्रह गर्दै बजारमा बाहिरबाट भित्रिएका प्लास्टिकजन्य मालाको प्रयोग गर्न प्रतिबन्ध गरेको छ।

प्लास्टिकजन्य फूल तथा मालाले वातावरणीय प्रदूषण बढाउनुका साथै मानव स्वास्थ्यमा समेत प्रतिकूल असर गर्ने, स्थानीय किसानबाट उत्पादित फूलले बजार नपाउने तथा ठूलो धनराशि बाहिरिने भएकाले प्राकृतिक फूलमाला मात्र प्रयोग गर्न नगर कार्यपालिकाले निर्णय गरी सर्वसाधारणमा सुसूचित गराएको छ। "नेपालीहरूको महान् पर्व विजयादशमी, शुभ दीपावली, नेपाल संवत, छठ पर्वलगायत विभिन्न महोत्सव तथा अन्य सभा-समारोहमा प्लास्टिकजन्य फूलगुच्छा, मालालगायत सामग्रीको उत्पादन, आयात, बिक्री वितरण र भण्डारण नगर्ने/नगराउनु हुनका लागि सम्बन्धित सम्पूर्णमा जानकारी गराइन्छ", नगरपालिकाले जारी गरेको सूचनामा उल्लेख छ। साथै सूचनामार्फत नगर क्षेत्रभित्र उत्पादन भइरहेको सयपत्री, गोदावरी, मखमलीलगायत फूलहरू एवं सोबाट बनेका मालाहरू मात्र प्रयोग गर्न अनुरोध गरिएको छ। आइतबार बसेको कार्यपालिका बैठकले सो निर्णय गरेको हो। र

(बाँकी पृष्ठ २ मा)



# गुराँसको ठुटामा 'फक्रियो काष्ठकला'

**जनार्दन घिमिरे**
गुल्मी, ११ कार्तिक।

गुल्मीको पर्यटकीय स्थल सत्यवति क्षेत्रमा काष्ठ मूर्तिकला तथा चित्रकला कार्यशालाले सत्यवतिको पहिचान झल्काएको छ। सत्यवति गाउँपालिकाको आयोजनामा उक्त कार्यशाला सञ्चालन गरिएको हो।

जिल्लाको धार्मिक तथा पर्यटकीय क्षेत्र सत्यवतिको प्रचार-प्रसारमा टेवा पुराउने उद्देश्यले सत्यवति गाउँपालिका-३ ठूलोलुम्पेकको सत्यवति क्षेत्रमा पालिकाको आयोजनामा काष्ठ मूर्तिकला तथा चित्रकला कार्यशाला आयोजना गरिएको सत्यवति गाउँपालिकाका अध्यक्ष टिकाराम पाण्डेले जानकारी दिए।

सत्यवति गाउँपालिकाको पहिचानसँग जोडिएको सत्यवति क्षेत्रको ग्रामीण पर्यटन प्रवर्द्धनको लागि कार्यशालाले थप टेवा पुराएको सत्यवति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमल प्रसाद भुसालले बताए। मूर्तिकार तथा चित्रकारले सत्यवती क्षेत्रको पहिचानसँग जोडिएका विभिन्न प्रकारका दुई दर्जन भन्दा बढि मूर्ति तथा चित्रहरू बनाएका छन्। जङ्गलमा सडेर जाने गुँरासका काठहरूमा साँस्कृतिक, प्राकृतिक र धार्मिक आस्था सहित सत्यवति क्षेत्रको भावना समेटिएका आर्कषक मूर्तिहरू कोरिएको कलाकारहरूको संयोजन गरिरहेका प्राज्ञ एवं बरिष्ठ मूर्तिकार याम बहादुर थापाले बताएका छन।



सत्यवति गाउँपालिकाकै मूर्ति तथा चित्रकारहरूको अगुवाईमा निःशुल्क कार्याशाला सञ्चालन गरिएको थियो। सत्यवति गाउँपालिकाका प्राज्ञ एवं बरिष्ठ मूर्तिकार भुवन थापा मगर 'बहुवी', याम बहादुर थापा र नरेन्द्र भण्डारीले आफु र विभिन्न ठाउँका कलाकार मार्फत सत्यवति क्षेत्रको पर्यटकीय विकासको लागि निशुल्क रूपमा मूर्ति तथा चित्रहरू निर्माण गरेको बताए। मुर्तिकार तथा चित्रकारहरूले सत्यवति क्षेत्रका मठ मन्दिर तथा पूर्व प्रधानपञ्चदेखि गाविस अध्यक्षसम्मको तस्बिर बनाएका छन्।

पर्यटन बोर्ड एवं गाउँपालिकाको सहयोगमा उक्त क्षेत्रमा गत वर्ष पिकनिक स्पोँट, ट्रस, शौचालय, पार्क गरि ५८ लाख भन्दा बढि लागतका संरचना निर्माण गरिएको छ। सत्यवति गाउँपालिका अध्यक्ष टीकाराम पाण्डेले आफ्नो जन्मभूमिप्रति मूर्ति तथा चित्रकारले देखाएका उर्जा र सहयोगी भावनाको उच्च गदर गरेको थियो। उनले मूर्तिकार तथा चित्रकारहरूले निकै मेहनतले निर्माण गरेका मूर्ति तथा चित्रहरूको संरक्षणमा गाउँपालिकालाई चुनौति थपिएको बताए।

(बाँकी पृष्ठ २ मा)

# अभिभावक-किशोरकिशोरीको मयुर नाच

**शंकर केसी**
सल्यान, ११ कार्तिक।

धार्मिक, सांस्कृतिक तथा सामाजिक उत्सवका अवसरमा प्रस्तुत गरिने सेरिंगे नाच अर्थात मयुर नाच सल्यानमा पुनर्जागरणको मार्गमा अग्रसर भएको छ।

मयूरको प्वाँख पछाडि राखेर नाचिने यो नाच समाजमा निकै आकर्षक नाचका रूपमा परिचित छ। यद्यपी पछिल्लो समय मौलिक तथा परम्परागत संस्कृति हराउँदै गएको सन्दर्भमा पछिल्लो पुस्ताले सल्यानमा सेरिंगे नाचमा आकर्षण देखाउन थालेका हुन्। जिल्लाको छत्रेश्वरी गाउँपालिकामा समाजका युवा देखि बालवालिका समेत मयुर नाचलाई पुनर्जीवित गर्नका लागि यो नाचमा संलग्न हुन थालेका हुन्।



छत्रेश्वरी गाउँपालिका वडा नं २ डिग्रे खोरबारेकी १३ वर्षिया निर्जला पुन मगर आफ्नो बुवा तथा काकाहरूसंगै मयुर नाच नाच्न थालेकी छिन्। मयुरको अनुकरण गर्दै रंगीन पोशाक र पंख लगाएर मयुरको चाल, रौनक र सौन्दर्यलाई प्रस्तुत गर्दा उनलाई निकै रमाइलो लाग्ने गरेको छ। उनी भन्छिन्, 'हाम्रा गुरु विजय घर्तीमगर हुनुहुन्छ। सेरिंगे नाच सिक्न थालेको भर्खर १५/२० दिनजती भयो।' गाउँमा बुवाहरू नाचेको देखेको भन्दै उनले फुर्सदको समय निकालेर यो नाच सिक्ने गरेको बताइन्। शुक्रबार छत्रेश्वरीको दमाचौरमा आयोजित जिल्लास्तरिय कराँते तथा नृत्य प्रतियोगितामा निर्जला सहित किशोर किशोरीहरूले आफ्ना बुवा, अंकलहरू सहित मयुर नाच प्रदर्शन गरेर राम्रै तारिफ पनि पाए।

(बाँकी पृष्ठ २ मा)



## सम्पादकीय

# सरकार: उद्योग बेच्न हतार किन ?

सरकारले बन्द, रुग्ण र कार्यसम्पादन कमजोर भएका विभिन्न आठवटा सरकारी संस्थानलाई नीजिकरण गर्ने निर्णय गरेर हतास मानसिकता देखाएको छ। यसअघि गिरिजाप्रसाद कोइरालाको सरकारले नेपालका ठूला सरकारी उद्योग नीजिकरण गरेर नेपाली जनताको स्याबासी होइन, गाली र बदनामी कमाएको इतिहास साक्षी छ। लुम्बिनी चिनी कारखाना, बाँसबारी छाला जुत्ता उद्योग, भृकुटी कागज कारखाना, गोरखकाली रबर उद्योग लगायत दर्जनौं उद्योग कौडीको मोलमा विक्री गरेर सरकारले नेपालको अर्थतन्त्रमाथि ठूलो घात गरेको थियो। विक्री गरिएका ती उद्योग न राम्रोसंग सञ्चालन भए न त तिनले नेपाली जनतालाई रोजगारीमा जोड्न सके। सरकारका उद्योग सरकार आफै चलाएर बेरोजगार युवालाई स्वदेशमै रोजगारी दिनुको साटो नीजिकरण गर्ने निर्णय गरेर सरकारले हतास मानसिकता देखाएको छ। त्यसै त नेपालमा नीजि क्षेत्रबाट स्थापना भएका उद्योग अधिकांश बन्द हुने अवस्थामा पुगेका छन। त्यसमाथि सरकारले पनि उद्योग नीजिकरण गरेर नेपाली युवालाई सिधै बिदेश पलायन हुन बाध्य पारेको छ। नेपालमा रोजगारीको अभावमा दैनिक सयौं युवा विदेश पलायन भैरहेको बेला संरचनासहितका उद्योग विक्री गर्ने निर्णय गरेर सरकारले हतास मनस्थितिको उदाहरण प्रस्तुत गरेको छ। उद्योग सधै घाटामा चल्छ भन्ने होइन्। तिनलाई नाफामा चलाउन जान्नुपर्दछ। २०४८ सालको निर्वाचनमा नेपाली कांग्रेसलाई जनताले बहुमत दिएका थिए। त्यसपछि प्रधानमन्त्रीको पदमा गिरिजाप्रसाद कोइराला बिराजमान भए। कोइरालाले केही राम्रो काम पनि गरे तर नेपालका उद्योग कौडीको मोलमा विक्री गरेर देशलाई डुबाउने काम गरे। नीजिकरणको नाममा उद्योग विक्री गरेर सरकारले देशलाई पहिलोपटक परनिर्भर वनाउने बाटो अख्तियार गरेको इतिहास साक्षी छ। सरकारले गरेको उक्त निर्णय इतिहासकै गलतमध्येको एक निर्णय थियो भन्ने कुरा अहिले महसुस भैरहेको छ। विश्वका अधिकांश देशमा सरकार आफूले पनि उद्योग चलाउँछ। ती उद्योगमा हजारौंलाई रोजगारीमा जोड्ने काम पनि गरेको छ तर नेपालमा भएका उद्योग नीजिकरण गरेर विक्री गर्ने अत्यन्त घातक काम भैरहेको छ। गिरिजाको पालाको नीजिकरणको नाममा भएको उद्योग बेच्ने कामको असर मुलुकले अहिलेसम्म भोग्दैछ भन्ने कुरा प्रमाणित भैसकेको छ। उक्त निर्णयलाई सरकारको उच्चतम् तहबाट भएको नीतिगत भ्रष्टाचारको रूपमा अहिलेसम्म लिने गरिएको छ। दुर्भाग्य, अहिलेपनि सरकार 'व्यापारी' शैलीमा एकपछि अर्को सरकारी स्वामित्वमा रहेका उद्योगहरू बेच्न हतारिएको छ। चीनले बनाईदिएको भृकुटी कागज उद्योग, सरकारको अनुदानमा निर्मित बाँसबारी छाला उद्योग र क्रमशः ०४७ यता राजनीतिक हस्तक्षेपबाट धरासायी बन्न गएका जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, उदयपुर सिमेन्ट आदि सबै बक्रदृष्टिमा परेका छन्। राजनीतिक हस्तक्षेपकै कारण कुनै समय दक्ष र उच्चस्तरीय सेवा दिन सफल यी उद्योग सरकारले चलाउन नसकेर निरीहता प्रकट गरिरहेको छ। अव यी सबै उद्योग निजी घरानालाई बेच्न सरकारले पूर्व तयारी गरेको छ र नीजिकरण समितिको नाममा बन्द उद्योग विक्री गर्न हतार गरिएको छ।

उद्योग विक्री गर्ने नाममा सरकारले नीजिकरण समितिमार्फत जनकपुर चुरोट कारखाना, नेपाल मेटल कम्पनी, हेटौंडा कपडा उद्योगको वर्गीकरणका लागि प्रस्ताव सिफारिस गर्ने निर्णय गरेको छ। यस्तै विराटनगर जुट मिल, बुटवल धागो कारखाना, गोरखकाली रबर उद्योग, उदयपुर र हेटौंडा सिमेन्ट कारखानाको पनि वर्गीकरणका लागि प्रस्ताव सिफारिस गर्ने निर्णय समितिले गरेको छ। कौडीको भाउमा करोडौंको संरचना विक्री गरेर देशलाई परनिर्भर बनाउने यो अभ्यास कुनैपनि मानेमा जायज छैन्। सरकारले घाटामा चलाउन सकिदैन भन्ने नाममा देशका गहना यी उद्योग विक्री गरेर नाम होइन बदनामी कमाउनेछ। अझैपनि समय छ- सरकारले उही ३० बर्षअघिको गिरिजा शैली अनुसरण नगरोस्।

# 'प्रदेशलाई वर्षभित्र सडक आश्रित मानवमुक्त बनाउँछौं'

लमही, (बुटवल टुडे) ११ कार्तिक- लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशलाई सडक आश्रित मानव मुक्त बनाउन आगामी वर्षसम्म काम सम्पन्न गर्ने अठोट गरेका छन्।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा यसलाई प्राथमिकतासाथ समावेश गरिएको छ। यसै क्रममा, उनले मेची महाकाली राष्ट्रिय उद्धार यात्राका टोलीलाई स्वागत गर्दै मानव भएर सम्मानजनक जीवन बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता जनाएका छन्।

मानव सेवा आश्रमद्वारा सञ्चालनमा रहेको यो उद्धार यात्रा झापाको मेची पुलबाट सुरु भई विभिन्न प्रदेशहरूमा पुग्दैछ, जसअन्तर्गत हालसम्म १२८ जना सडक आश्रित मानवको उद्धार गरिएको छ। लुम्बिनी प्रदेशमा रूपन्देही, बाँके, र दाङमा आश्रमका सेवा केन्द्रहरू सञ्चालनमा छन्, जहाँ उद्धार गरिएका व्यक्तिहरूलाई आश्रय प्रदान गरिन्छ।




कार्यक्रममा प्रमुख सचिव महादेव पन्थ, सचिव कृष्ण पौडेल, र ईश्वरराज पौडेललगायत उच्च अधिकारीहरूको सहभागिता थियो। यस यात्राको खर्च आनी छोइङ डोल्मा फाउन्डेसनले ब्यहोरेको हो। मानव सेवा आश्रमले आगामी वर्षसम्ममा नेपाललाई सडक आश्रित मानव मुक्त राष्ट्र बनाउने लक्ष्य राखेको छ, जसमा प्रदेश सरकारको पूर्ण समर्थन रहेको छ।

## तिहारमा...

रामपुरमा पछिल्ला वर्षमा व्यवसायिक रूपमा फूल उत्पादन हुन थालेकाले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै प्लास्टिकजन्य फूल तथा माला प्रयोग गर्ने चलन हटाउन थालिएको नगर प्रमुख रमणबहादुर थापा बताउँछन्।

रूपन्देहीको बुटवल उपमहानगर पालिकाले पनि प्लाष्टिकजन्य मालाको बिक्री वितरणमा प्रतिबन्ध लगाएको छ। नगर प्रमुख खेलराज पाण्डेय द्वारा जारी विज्ञप्ती अनुसार बुटवल उप-महानगरपालिकाले प्लास्टिकका माला बिक्रीमा प्रतिबन्ध लगाएको हो। उप महानगरपालिकाले तिहारमा प्लास्टिकका माला बेच्न नपाइने निर्णय गरेको हो। नगर प्रमुख खेलराज पाण्डेका अनुसार स्थानीय फूलको उपयोग बढाउन तथा प्लास्टिकजन्य फूल आयात निरुत्साहित गर्ने उद्देश्यले उक्त निर्णय भएको हो।

नगरपालिकाले उक्त निर्णय कार्यान्वयन गर्न सबै वडा कार्यालय, प्रहरी, स्थानीय प्रशासन र उद्योग वाणिज्य संघ, ब्यापार संघलाई अनुरोध समेत गरिएको छ। उनले उक्त निर्णय तत्काल लागू गर्ने र नगरवासीहरूलाई यसमा सहयोग गर्न आग्रह गरेका छन।

स्थानीय उत्पादनको प्रवर्द्धनका लागि यो निर्णय लाभप्रद हुने तथा प्लास्टिकजन्य प्रदूषण कम गर्न मद्दत पुग्ने विश्वास समेत नगरपालिकाले लिएको छ। यद्यपी यसको पूर्ण कार्यान्वयन भने भएको पाइएको छैन। बजारमा विभिन्न पसलमा अहिले पनि प्लाष्टिक जन्य माला बिक्रीको लागि प्रदर्शन गरिएको छ। यसमा नगरपालिकाले अनुगमन गरी उक्त कार्य बन्द गर्नुपर्ने सरोकारवालाहरू बताउँछन्।

अर्घाखाँचीको सितगंगा नगरपालिकाले प्लास्टिकका माला बेच्न नपाइने निर्णय गरेको छ। नगरपालिकाले तिहारमा प्लास्टिकका माला बेच्न नपाइने निर्णय गरेको हो। नगरपालिकाका योजना शाखा प्रमुख नुमलाल खनालका अनुसार स्थानीय फूलको उपयोग बढाउन तथा प्लास्टिकजन्य फूल आयात निरुत्साहित गर्ने उद्देश्यले उक्त निर्णय भएको हो। नगरपालिकाले उक्त निर्णय कार्यान्वयन गर्न सबै वडा कार्यालय, प्रहरी, स्थानीय प्रशासन र उद्योग वाणिज्य सङ्घलाई अनुरोध गरेको नगरप्रमुख छविलाल पौडेलले रासससलाई बताए। उनले उक्त निर्णय तत्काल लागू गर्ने र नगरवासीहरूलाई यसमा सहयोग गर्न आग्रह गरेका छन्। स्थानीय उत्पादनको प्रवर्द्धनका लागि यो निर्णय लाभप्रद हुने तथा प्लास्टिकजन्य प्रदूषण कम गर्न मद्दत पुग्ने विश्वास उनले व्यक्त गरे।

कपिलवस्तुको शिवराज नगरपालिकाले तिहारमा प्लास्टिकजन्य मालाको बिक्री वितरण तथा प्रयोग रोक लगाएको छ। नगरपालिकाले एक सूचना जारी गर्दै स्थानीय फूल मालाको प्रयोगमा जोड दिएको हो। प्रमुख प्रशासकीय अधिकृत बाबुराम पौडेलद्वारा हस्ताक्षरित सूचनामा भनिएको छ प्लास्टिकजन्य फूल मालाको प्रयोगले वातावरण प्रदूषणका साथै मानव स्वास्थ्यमा समेत असर पर्ने र यहाँका स्थानीय कृषकद्वारा उत्पादित फूलले बजार नपाउने भएकाले प्लास्टिकजन्य मालाको बिक्री वितरणमा रोक लगाइएको हो।

वातावरण संरक्षण ऐन २०७६ को दफा १५ को उप दफा ६ ले दिएको अधिकार प्रयोग गरी प्लास्टिक जन्य सामानका फूलगुच्छा, मालाको भण्डारण, बिक्री वितरण, आयात र प्रयोगमा रोक लगाइएको मेयर अजय थापाले बताए। साथै सयपत्री, गोदावरी र मखमली फूलको प्रयोग गरी स्थानीय रूपमा उत्पादित फूलको बजारीकरणमा सहयोग गर्दै ठूलो धनराशि बाहिरिन रोक्नुपर्नेमा जोड दिइएको छ। नगरपालिकाको सूचनाको बेवास्ता गरी प्लास्टिकजन्य सामग्रीको प्रयोग तथा बिक्री वितरण गरेको पाइएमा उक्त सामान जफत गरी कानुन बमोजिम जरिवाना हुने चेतावनी दिएको छ। वातावरणमैत्री र स्थानीय उत्पादनलाई समेत प्रवर्द्धन हुने भएकाले प्राकृतिक रूपमा उत्पादित पुष्पगुच्छाको प्रयोग गर्न मेयर अजय थापाले सबैमा आग्रह गरेका छन्।

काठमाडौं महानगरपालिकाले प्लास्टिकका पुष्प गुच्छा तथा माला बिक्री वितरण र प्रयोगमा रोक लगाएको छ। महानगरको वातावरण व्यवस्थापन विभागले सूचना प्रकाशित गर्दै आफ्नो वार्षिक नीति तथा कार्यक्रममा नै एकल प्रयोगको प्लास्टिक, प्लास्टिकको फूल गुच्छा, माला बिक्री, वितरण, भण्डारण, ओसार-पसार र प्रयोग तथा ४० माइक्रोनभन्दा पातला झोलाको बिक्री, वितरण, भण्डारण र प्रयोगमा पूर्ण रूपमा निषेध गरिएको जनाएको हो।

प्लास्टिकको झोलाको विकल्पमा कागज वा कपडाको झोला प्रयोग गर्नुपर्ने व्यवस्था गर्न सबै प्रकारका उत्पादक, वितरक, बिक्रेता तथा सर्वसाधारणको अनुरोध गरिएको छ। महानगरपालिकाको अनुगमन टोलीले निरीक्षणको क्रममा उक्त निषेध गरिएका कार्य भए गरेको पाइएमा काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ बमोजिम कारबाही गर्ने चेतावनी समेत महानगरले दिएको छ।

## गुराँसको...

कार्यशालाको समापन कार्यक्रममा लुम्बिनी प्रदेश सभा सदस्य यमु गैरे, कालिगण्डकी गाउँपालिका अध्यक्ष बेद थापा, सत्यवति तथा कालिगण्डकीका वडाध्यक्ष तथा जनप्रतिनिधि, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरूको सहभागीता रहेको थियो। नेपाल सरकारको एक सय नयाँ पर्यटकीय गन्तव्य मध्ये सत्यवति क्षेत्र पनि एउटा गन्तव्य स्थलमा पर्दछ। गाउँपालिकाले १० दिनसम्म मूर्ति तथा चित्र निर्माण गरेका कलाकारहरू तथा स्वयंसेवकहरूलाई सम्मान समेत गरेको छ। सत्यवती क्षेत्रमा दश दिनसम्म सञ्चालन गरिएको कार्यशालामा स्वदेश तथा विदेशमा ख्याती कमाएका २३ जना मूर्तिकार तथा चित्रकारहरूको सहभागीता रहेको थियो।

## अभिभावक...

परम्परागत मयुर नाचलाई बाल्यकालमै सिक्न सकून् र यसले युवा पुस्तालाई आफ्ना पुराना सांस्कृतिक रीतिथिति प्रति लगाव बढाउन प्रेरित गर्न सकोस् भनेर छत्रेश्वरी २ को जनजाती मगर संघमा रहेका अभिभावकहरूले आफ्ना छोराछोरीलाई समेत यस नाचमा समावेश गरेर सिकाइरहेका छन्।

विगतदेखि नै सेरिंगे नाच्दै आएका चेत बहादुर घर्ती मगरले मेला महोत्सव, पूजा, विहे तथा सामाजिक कार्यक्रममा आफुहरूले यो नाच प्रदर्शन गर्नेगरेको उल्लेख गरे। खैजडी, बासुरी, हारमुनियम, पैजन, झ्याली लगाएतका बाजागाजालाई विभिन्न धुन दिएर केही आधुनिकता र परम्परागत सांस्कृतिक पक्षलाइ पनि समन्वय गर्दै सेरिंगे नाच नाच्ने गरेको उनको भनाई छ। अर्का किशोर १७ वर्षिय प्रसान्त कुमार पुन मगरले मयुर नाच नाच्न रहर लाग्ने गरेको र बिस्तारै यसको ताल तथा अन्य कला सिकिरहेको बताए। बाउ बाजेले बचाउँदै आएको मयुर नाचलाई संरक्षण गर्नुपर्छ भन्ने लागेर आफुहरूले अग्रजहरूसंग नाचिरहेको उनी बताउँछन्।

डिग्रे खोरबारेमा स्थानीयहरू अघिल्लो पुस्ता र पछिल्लो पुस्ताबीच संयोजन गर्दै सेरिंगे नाच संरक्षणमा जुटेका हुन्। यस नाचका गुरु विजयकुमार घर्ती मगरले युवाहरू सबै विदेश लगाएत गाउँभन्दा वाहिर हुनु, आधुनिक गित संगित संगै मौलिक संस्कृतीमाथी प्रहार हुनु तथा पछिल्लो पुस्ताको यसप्रति रुचि नहुनु जस्ता कारणले पौराणिक कला संस्कृतीको अस्तित्व संकटमा परिरहेको बेला आफूहरूले मयुर नाच बचाउनका लागि सक्दो प्रयास गरेको बताउँछन्। 'यो नाच नाच्नका लागि २२ जनाभन्दा माथीको संख्या चाहिन्छ', उनले भने, 'किशोरकिशोरीहरू सहित गाउँका आमा समूह, महिला समूहलाई पनि आवद्ध गर्दै नाच सिकाउँदै विभिन्न अवसरमा नाच्ने गरेका छौं। उनीहरू पनि सिक्नलाई उत्सुक छन्। दैनिक २/३ घण्टा सिक्ने गरेका छौं।'

सेरिंगे नाचको पौराणिक महत्व, स्थानीय सम्पदा संरक्षणको चेतना, र नवजागरणका प्रयासले गर्दा पछिल्लो पुस्ताले यसको महत्त्व बुझ्न थालेका छन्। यस प्रकारको नाचमार्फत आफ्नो पहिचान र मौलिकता कायम राख्न चाहने किशोर किशोरी तथा युवायुवतीहरू यसतर्फ आकर्षित भएका हुन्।

मयुर नाचसंगै सोरठी, लहरे नाच तथा पञ्चेबाजा लगायतका पौराणिक लोक कला संस्कृती तथा यसमा प्रयोग हुने रैथाने बाजा समाजको संस्कार र संस्कृतिको अभिन्न अंश भएकाले यसको संरक्षणमा सबैको प्रयास जरुरी रहेको छत्रेश्वरी गाउँपालिकाका अध्यक्ष ओज बहादुर बुढाथोकी बताउँछन्।

गाउँपालिकाभित्र हुने महोत्सव, खेलकुद, सांस्कृतिक लगायत विभिन्न कार्यक्रममा मौलिक कला संस्कृतीको प्रस्तुतिलाई प्राथमिकता र प्रोत्साहन गरिरहेको भन्दै उनले आगामी दिनमा पनि संस्कृती संरक्षणको लागि ठोस योजना सहित काम गर्ने विषय आफ्नो प्राथमिकता हुने जनाए। अध्यक्ष बुढाथोकीले युवापुस्तालाई मौलिक कला संस्कृती र बाजा बजाउने कला सिक्न प्रेरित गर्नका लागी स्थानीय कलाकार र बाजा बजाउने तालिम र प्रोत्साहन कार्यक्रम आयोजना गर्ने तथा यस्ता समूहलाई आर्थिक तथा अन्य सहयोग प्रदान गर्नुपर्ने आवश्यकता देखिएको उल्लेख गरे। सल्यान, रुकुम, रोल्पामा निकै प्रख्यात रहेको सेरिंगे अर्थात् मयुर नाच यी क्षेत्रको सांस्कृतिक सम्पदाको महत्त्वपूर्ण अंश हो। आधुनिक समयमा परम्परागत कला र संस्कृति संरक्षणको आवश्यकता झन् बढ्दै गएको। परम्परागत नृत्यको आफ्नो छुट्टै विशेषता भएकाले पछिल्लो पुस्तासम्म जीवित तुल्याउनका लागि यी र यस्ता नाच र संस्कृतीको प्रचारप्रसार एवम् आवश्यक पर्ने सामग्री व्यवस्थापन एवम् जनशक्ति उत्पादनमा ध्यान पुर्याउन आवश्यक छ।



### लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल लिमिटेड, तानसेन-७ प्रभास, पाल्पाको उन्नाइसौं वार्षिक साधारण-सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित : २०८१/०७/१२

मिति २०८१/०६/३० गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको उन्नाइसौं वार्षिक साधारण-सभा देहाय बमोजिमको मिति, स्थान र समयमा निम्न बमोजिमका विषय र प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, स्थान र समय**

**मिति** : २०८१/०७/२४ गते शनिवार (तद्नुसार नोवेम्बर ९, २०२४)।

**स्थान** : ता.न.पा.- ७, प्रभास, पाल्पा स्थित कम्पनीको भवन।

**समय** : बिहानको ९:०० बजे।

**छलफलका बिषयहरु**

**क) सामान्य प्रस्तावहरु :**

१. उन्नाइसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजीको १५.७९% (कर सहित) नगद लाभांश वितरण पारित गर्ने।
४. आ. व.२०८१/०८२ को लागि लेखापरिक्षक नियूक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

**ख)** विविध।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**

**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरूले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरूको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र. सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI५०७००००२४४ | रेणु थापा | इस्मा ०६, गुल्मी |
| २ | ULI५०७००००२५१ | निर्मला अर्याल | छत्रकोट ०६, गुल्मी |
| ३ | ULI५०७००००२५८ | लाउमाया श्रीस | सत्यवती ०३, गुल्मी |
| ४ | ULI५०४००००१०६ | टंक प्रसाद घिमिरे | शिवराज ११, कपिलवस्तु |

### Lumbini Province Government
### Ministry of Forest and Environment
### Division Forest Office, Kapilvastu (GautamBuddha)

**Invitation for Bid: IFB/01/DFOG/081-82**

**Date of Publication:28/10/2024**

Division Forest Office, Kapilvastu(GautamBuddha) invites bids for the construction of following works under Sealed Quotation Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp . All eligible bidders are requested to submit bid by electronic only with the requested documents within the mentioned period. For more information, please visit https://dfogautambuddha.gov.np/

| S. N. | Contract ID No. | Work Description | Bid Security Amount, NRs | Bid Document Fee, NRs | Estimate Amount (without VAT & Contingency), NRs | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | DFOG/ 329911214/ SQ/081-82/1 | Construction of Log Yard at DFO Gautambuddha, Chandrauta, Shivraj-05, Kapilvastu. | 21500.00 | 1000.00 | 854507.19 | |

**Office Chief**

### Panini Rural Municipality
### Office of the Rural Municipal Executive
**Durgaphant, Arghakhachi**

**Invitation for Electronic Bids**

**Notice No. 05 /Panini/Procurement/081-82**

**First Date of publication : 2024/10/28 (B.S. 2081/07/12)**

1. Panini Rural Municipality Office, Durgaphant, Arghakhanchi invites only electronic bids from duly eligible and qualified registered bidders for the procurement of following Works under NCB. Name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Contract ID. | Project Description | Estimated Amount (Including VAT ) | Bid Security |
|---|---|---|---|---|
| 1 | PRM/NCB/ Works/ 07/081-82 | Procurement of upgrading works of Sundhardhunga Upallakharka Pokharathok hatiya Malika Gufa deri chowk and Palekaban Rajupani gaira road | NRs. 18,041,133.45 | NRs. 452000.00 |

Bid Document Fee : Rs 3,000.00. Last date of Bid Submission : 2024/11/27 12:00 Noon.

Bid Opening : 2024/11/27 1:00 PM .

| Bank Name | Name of Office | For Purchasing Bid Document | Cash Deposit for Bid Security |
|---|---|---|---|
| Global IME Bank Ltd. Pokharathok, Arghakhachi | Panini Rural Municipality Office, Durgaphant, Arghakhachi | Ga.1.1 Aantarik Rajashwo Khata Panini 21504010000016 | Ga.3.1 Dharauti Khata Panini 21504010000009 |

2. Tender Procedures shall follow public procurement act 2063, public procurement regulation 2064 and Standard Bidding Documents along with recent amendments.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**




### पश्चिमाञ्चल यातायात व्यवसायी समिति

**प्रधान कार्यालय बुटवल-१३, रूपन्देही, नेपाल**

**पश्चिमाञ्चल यातायात व्यवसायी समिति, प्रधान कार्यालय बुटवलको साधारणसभा सम्बन्धि अत्यन्तै जरूरी सूचना।**

**सूचना प्रकाशित मिति: २०८१।०७।११**

यस पश्चिमाञ्चल यातायात व्यवसायी समिति प्रधान कार्यालय बुटवलको २४औं बार्षीक साधारण सभा आगामी मंसिर १५ गते सम्पन्न हुन गईरहेको व्यहोरा अनुरोध गर्दै उक्त साधारण सभामा भाग लिनका लागी यस समितिमा दर्ता, विमा र मासिक अध्यावधि रहेका ट्रकहरुको तर्फवाट व्यवसायी सदस्यता परिचय पत्र मिति २०८१ साल मंसिर ५ गते सम्म २ प्रति पासपोर्ट साईज फोटो र नागरीकताको प्रमाणीत फोटोकपी सहित उपस्थीत भई परिचय पत्र बनाउनु हुन अनुरोध छ। परिचय पत्र बिना साधारण सभामा भाग लिन पाईने छैन।

**खिम बहादुर थापा क्षेत्री**
**महा - सचिव**

# गोदरेजद्वारा दशैं र तिहार लक्षित "मनैदेखि वाओ" अभियान जारी

बुटवल (बुटवल टुडे), ११ असोज- अभिनव, ऊर्जा कुशल र वातावरण मैत्री ब्रान्ड गोदरेजले आफ्नो दशैं र तिहार लक्षित अभियान, "मनैदेखि वाओ" जारी गरेको छ । ग्राहकहरूलाई गोदरेज होम एप्लायन्सको खरिदमा रियल क्यासब्याक र पक्का उपहारको साथ खुसी बाँड्ने उद्देश्य सहित यस योजना ल्याइएको हो। "मनैदेखि वाओ" अभियान अन्तर्गत ग्राहकले रु. ३१,५०० सम्मको आकर्षक क्यासब्याक र ग्यारेन्टी उपहार प्राप्त गर्न सक्नेछन्। ग्राहकहरूले टप लोड/ ट्विन टब वासिङ मेसिन खरिद गर्दा तीन लिटर निःशुल्क एरियल डिटर्जेन्ट लिक्विड र माइक्रोवेभ ओभन खरिद गर्दा निःशुल्क कुकिंग किट प्राप्त गर्न सक्नेछन्।

ग्राहकहरूले गोदरेज सिंगल डोर रेफ्रिजरेटर, डबल डोर रेफ्रिजरेटर, साइड-बाई-साइड रेफ्रिजरेटर, चेस्ट फ्रिजर, माइक्रोवेभ ओभन, वासिङ मेसिन र एयर कन्डिसनरहरू खरिद गर्दा आकर्षक क्यासब्याकको मजा लिन सक्नेछन्। यो अभियान २३ भदौ २०८१ मा सुरु भइ नेपालभर सीमित अवधिको लागि लागू हुनेछ। नेपाल मा गोदरेज को घरायसी उपकरणहरू चौधरी ग्रुप अन्तर्गत सि. जी इलेक्ट्रोनिक्सले बिक्रि वितरण गर्दै आएको छ।




# शितगंगामा निःशुल्क स्वास्थ्य शिविर

बुटवल (बुटवल टुडे), ११ कार्तिक- अर्घाखाँचीको सितगंगा नगरपालिका वडा नम्बर १० हर्रेमा एकदिने निःशुल्क स्वास्थ्य शिविर गरिएको छ। उक्त शिविर सिद्धारा सेवा समाज रूपन्देही र रोटरी क्लव अफ बुटवल चौतारीले संयुक्तरूपमा गरेका थिए। स्वास्थ्य शिविरको उदघाटन सितगंगा नगरपालिकाका नगरप्रमुख छविलाल पौडेलले गरेका थिए।




स्वास्थ्य शिविरमा डा. मोहन भुसाल नेतृत्वको टिम चेकजाँचका लागि खटिएको थियो। त्यस्तै सितगंगा नगर अस्पतालका इन्चार्ज डा. सुवेक्षा शर्मा पनि सहभागी भएकी थिइन्। कार्यक्रममा बोल्दै सितगंगा नगरपालिकाका नगरप्रमुख छविलाल पौडेलले निःशुल्क स्वास्थ्य शिविरले यहाँका सर्वसाधारणको चेकजाँचमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको भन्दै यस्ता कार्यक्रम आगामी दिनमा पनि सञ्चालन गर्नुपर्ने र यसका लागि स्थानीय सरकार सहकार्य गर्न तयार रहेको बताए। कार्यक्रम संयोजक रोटरी क्लव अफ बुटवल चौतारीका सचिव खगेन्द्र बेलबासेले गाउँमा स्वास्थ्य शिविर सञ्चालन गर्न पाउँदा खुसी लागेको बताए।

त्यस्तै वडाअध्यक्ष रोटरीयन केशव बेलबासे र अर्का रोटरीयन खिमानन्द बस्याल लगायतले स्वास्थ्य शिविरबाट यस क्षेत्रका नागरिकले राहत पाएको बताएका थिए। शिविरमा ग्याष्ट्रो सेन्टर बुटवल प्रालिका वरिष्ठ पेट, आन्द्रा, कलेजो तथा प्याङ्क्रियाज रोग विशेषज्ञ डा. मोहन भुसाल नेतृत्वको टोलीमा महिला रोग विशेषज्ञ डा. नविन तिरुवाको टोली समेत खटिएको थियो। इन्डोस्कोपी सहितको सेवा प्रवाहका साथै विभिन्न औषधी कम्पनीद्वारा औषधी सहयोग भएको थियो। ३०० जना सहकारी शिविरमा १७० जनाले स्वास्थ्य जाँच गरी औषधी लिएका थिए भने १७ जनाको इन्डोस्कोपी गरिएको थियो।

## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**कृष्णनगर, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

**सूचना प्रकाशित मितिः२०८१।०७।११**

यस कृष्णनगर नगरपालिकाको लागि संघीय सरकारबाट यस हस्तान्तरित कार्यकम तर्फ आ.व. २०८१/०८२ को लागि संघीय सरकारद्वारा स्वीकृत कार्यक्रम मध्ये क्रियाकलाप संकेत नं २.७.२२.९४२१ आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद अन्तर्गत निःशुल्क औषधि खरिद कार्यक्रम तथा आ. व. २०८१/८२ मा नगरपालिकाबाट विनियोजित खर्च शिर्षक नं- २७२१३ निःशुल्क औषधि खरिद तथा वितरण शिर्षकबाट खर्च हुने गरि नगरपालिका अन्तर्गतका अस्पताल ,स्वास्थ्य चौकी, शहरी स्वास्थ्य क्लिनिकमा निःशुल्क औषधि खरिद गर्ने यस कार्यालयबाट मिति २०८१/०४/३० मा बुद्ध दर्पण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित (KNM/SQ/GOODS-01/081/082 Procurement of Medicine and Surgical Device) सम्बन्धि सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएकोछ ।

तपशिल

| क्र. स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | KNM/SQ/GOODS-01/081/82 | Chunchun Pharmcy Ramghat -10 Pokhara Phone: 9856022163 | १६३९९४२.१६ | |

**प्रमुख प्रशासकीय अधिकृत**

## नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

**परियोजना कार्यान्वयन एकाइ**
**भैरहवा, रूपन्देही**

### G 9 जातको केरा बिरुवाको सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्ने सम्बन्धी दोस्रोपटक प्रकाशित सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०७/१२**

यस एकाइको चालु आ. व. २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार नवलपरासी (ब.सु.प.) को केरा जोन प्रभाव क्षेत्रमा केराको क्षेत्रफल बिस्तार कार्यक्रमको लागि माग भएको टिस्युकल्चर प्रबिधिबाट उत्पादन भएको G 9 जातको केरा बिरुवाको मूल्य सूची उपलब्ध गराउन यस एकाइमा सूचिकृत भएका र सूचिकृत हुन चाहने G 9 जातको केराको बिरुवा आपुर्ति गर्ने आपुर्तिकर्ता नर्सरी/कम्पनी/टिस्युकल्चर प्रयोगशालाहरूले आ-आफ्नो संस्था सूचिकृत गरी यस परियोजनाको Website: piurupandehi.pmamp.gov.np बाट G 9 जातको केरा बिरुवाको मूल्य सूचि प्रस्ताव फारम डाउनलोड गरी तपसिल बमोजिमको आवश्यक कागजात तथा विधि सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. सिलबन्दी मूल्य सूची प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म (कार्तिक २६ गतेसम्म) कार्यालय समय भित्र परियोजना कार्यान्वयन एकाई, रूपन्देही मा संस्था सूचिकृत गरी प्रस्ताव पेश गर्नुपर्नेछ।
२. रित पूर्वक भरेको सिलबन्दी मूल्य सूची प्रस्ताव फारमको साथ फर्म/कम्पनी/संस्थाको इजाजत पत्र प्रतिलिपि, प्यान प्रमाणपत्र प्रतिलिपि, २०८०/८१ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, गुणस्तरीयताको प्रमाणपत्र प्रतिलिपि, माउ बोटको नर्सरी, टिस्युकल्चर प्रयोगशालाको बिरुवा उत्पादन स्थलको रङ्गिन फोटो र गत आ. व. हरूको बिरुवा उत्पादन र बिक्रि बितरण प्रगति प्रतिवेदन संलग्न राखी पेश गर्नु पर्नेछ।
३. G 9 जातको केराको बिरुवाको निम्नानुसारको प्राविधिक स्पेशिफिकेशनमा मात्र बिरुवा उपलब्ध गराउने प्रतिबद्धता पत्र पेश गर्नु पर्नेछ।

- बिरुवा राम्रोसँग दोस्रो पटकसम्म पुरा अवधी हार्डेनिङ्ग गरिएको र उचाइ करिव ३० से. मी. वा सो भन्दा बढी हुनुपर्ने छ।
- प्रकाश संश्लेषण गर्न सक्ने कम्तीमा ५ वटा भन्दा बढी रूपमा सक्रिय पातहरू हुनुपर्ने।
- दोस्रो पटक विरुवाको हार्डेनिङ्ग गर्ने अवस्थाको अन्त्य सम्ममा पर्याप्त मात्रामा स्वस्थ र सक्रिय जराहरूको विकास भएको हुनुपर्ने।
- विरुवा भएको पोली व्यागमा मा ३/४ भाग माटो तथा मलको मिश्रणले भरिएको हुनुपर्ने।
- बिरुवाहरूमा Leaf spot, Pseudo stem rot र Physical deformations जस्ता कुनै पनि रोग तथा लक्षणको दृश्य देखिन नहुने।
- बिरुवाको जरामा रोग/परजीवीहरू जस्तैः Erwina rot, Nematode lesions र Root knots को संक्रमणबाट मुक्त रहेको हुनुपर्ने,
- असामान्य वृद्धि नदेखाएको विरुवाहरू मात्र हुनुपर्ने।

४. प्राप्त मूल्य सूचीको तुलनात्मक अध्ययन विश्लेषण गरी न्यूनतम मूल्यमा अनुदान प्रवाह हुने गरी यस परियोजनाको स्वीकृत अनुदानग्राही मार्फत सूचिकृत भएका केरा बिरुवा आपुर्ति गर्ने आपुर्तिकर्ता नर्सरी/कम्पनी/टिस्युकल्चर प्रयोगशालाहरू मार्फत विरुवा खरीद/बिक्री प्रक्रिया अगाडी बढाउने गरी अनुदानग्राहीसँग सम्झौता गरिनेछ र सोही अनुसार यस एकाइमा सूचिकृत भएका आपुर्तिकर्ता नर्सरी/कम्पनी/संस्थाले मात्र अनुदानग्राहीहरूसँग सम्झौता गरी कार्यक्रम संचालनको लागि विरुवा आपुर्ति गर्न सक्नेछन्।

**नोट**ः माथि उल्लेखित विवरणहरू अपुग हुने गरी पेश भएका सिलबन्दी मूल्य सूची प्रस्तावहरू स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन।

**थप जानकारीको लागि परियोजनाको Website:piurupandehi.pmamp.gov.np**

**फोन नं. ०७१-५७०२०१, ०७१-५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०४७२०९ मा सम्पर्क राख्नु हुन अनुरोध छ।**

## Butwal Sub Metropolitan City
## Office of the Municipal Executive

**Butwal, Rupandehi**
**Lumbini Province, Nepal**

### Request for Expression of Interest

**Name of Project:**

**i) Consulting Service for Conducting Training with OJT (Level II with 1696 hrs.) on Professional Computer Hardware and Network Technician**

**ii) Consulting Service for Conducting Training with OJT (Level II with 1696 hrs.) on Professional Cook.**

1. Butwal Sub Metropolitan City has allocated fund toward Project Name: Consulting Service for Conducting Training with OJT (Level II with 1696 hrs.) on Professional Computer Hardware and Network Technician & Professional Cook at Butwal Sub Metropolitan City and intend to apply portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service
2. The Butwal Sub-Metropolitan City now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following Consulting Service for Conducting Training with OJT (Level II with 1696 hrs.) on Professional Computer Hardware and Network Technician & Professional Cook at Butwal Sub-Metropolitan City
3. Interested eligible consultants may obtain EOI document free of cost from e-GP system www.bolpatra.gov.np/egp and for further information visit the client's website www.butwalniun.gov.np
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp before 12-11-2024 12:00
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on Qualification 40.0 %, Experience 40.0 %, and Capacity 20.0% of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposals through a request for proposal.
8. Minimum score to pass the EOI is 60.

**Procurement Unit**
**Butwal Sub-Metropolitan City**

**Lumbini Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Road Infrastructure Development Office

**Palpa**

### Invitation for Electronic Bids

**First date of publication: 28th October, 2024 (12th Kartik, 2081)**

Road Infrastructure Development Office (RIDO), Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under Sealed Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

| S. N. | Name of Project | Contract Identification | Estimate Amount (excluding VAT & PS (NRs.) | Bid Security (NRs.) |
|---|---|---|---|---|
| 1 | Upgrading Of Siluwa Mandali Khel Maidan hudai Sirdanda Cangsedi bato & Khel Maidan Nirman, Purbakhola 1 Palpa | RIDO-PAL-W-SQ-38-2081/082 Re | 12,80,902.48 | 35,000 |
| 2 | Upgrading of Maulibhanjyang Guga Darpuk Sadak,Bagnaskali-06 Palpa | RIDO-PAL-W-SQ-65-2081/082 Re | 17,09,297.27 | 47,000 |
| 3 | Upgrading of Maulibhanjyang Takare Mathillo Koldando Tallo Koldando Hudai Zero Sadak,Bagnaskali-5&6 Palpa | RIDO-PAL-W-SQ-68-2081/082 Re | 17,08,949.80 | 47,000 |
| 4 | Upgrading of Jutha Pauwa Panidanda-Patuwachaur-Nepane Motorbato Rainadebi Chhahara Ga.Pa.-06, Palpa | RIDO-PAL-W-SQ-77-2081/082Re | 8,54,690.51 | 23,000 |
| 5 | Upgrading of Pakuribot Ratamata Thulaghar Motorbato Tansen-11 | RIDO-PAL-W-SQ-78-2081/082Re | 8,54,628.07 | 23,000 |
| 6 | Upgrading of Pujako Than Dekhi Sen Pokhari Barachaur Motarbato PCC Dhalan, Tansen-11 | RIDO-PAL-W-SQ-79-2081/082Re | 8,54,027.55 | 23,000 |
| 7 | Upgrading of Corridor Rahuban Armalang Road, Nisdi-01, Palpa | RIDO-PAL-W-SQ-80-2081/082Re | 8,54,771.33 | 23,000 |
| 8 | Upgrading of Aagahakhola-Aagidanda-Jheskang Sadak, Rambha-03 Palpa | RIDO-PAL-W-SQ-85-2081/082Re | 12,81,693.12 | 35,000 |
| 9 | Upgrading of Tallo Aghani Argi Chidi Ranatole Road, Mathagadhi Ga. Pa.-3 | RIDO-PAL-W-SQ-86-2081/082Re | 8,49,901.47 | 23,000 |
| 10 | Upgrading of Tinti Aap Gothuwa Deurali Road Ta. Na.Pa.-09, Palpa | RIDO-PAL-W-SQ-89-2081/082Re | 8,54,291.60 | 23,000 |
| 11 | Upgrading of Mathagadhi Ga. Pa.-3 Tallo Aghani Bhalibal Khel Maidan to Simal Ghat Bato | RIDO-PAL-W-SQ-90-2081/082Re | 6,79,517.24 | 18,000 |
| 12 | Upgrading of Lasune Ombhanjyang Serkabas Purbakhola Jyamire Sadak | RIDO-PAL-W-SQ-106-2081/082Re | 17,02,065.26 | 46,000 |
| 13 | Upgrading of Jhirbhanjyang Ghiusibas Darpuk Hudai Beltari Sadak | RIDO-PAL-W-SQ-107-2081/082Re | 17,08,833.55 | 46,000 |
| 14 | Upgrading of Nagar Office Chowk to Bhramakumari Ishwari Bishwa Bidhyalaya Jodne Sadak | RIDO-PAL-W-SQ-108-2081/082Re | 12,81,954.51 | 35,000 |
| 15 | Upgrading of Sani Amrai Ratamata Kamigaun Gunepipal Hudai ward Office Jane Bato, Rampur-3 | RIDO-PAL-W-SQ-109-2081/082Re | 8,54,411.50 | 24,000 |
| 16 | Maintenance of Keladi Ghat Jho. Pu., Rampur | RIDO-PAL-W-SQ-110-2081/082Re | 5,06,227.71 | 14,000 |
| 17 | Maintenance of Puttar Ghat Jho. Pu., Rampur-01, Kalagandaki Nadi | RIDO-PAL-W-SQ-111-2081/082Re | 5,15,985.38 | 14,000 |
| 18 | Maintenance of Masane Ghat Jho. Pu., Rampur-02, Nisdi Khola | RIDO-PAL-W-SQ-112-2081/082Re | 3,98,110.15 | 11,000 |
| 19 | Upgrading Of Madiphant Chakrapath Sadak | RIDO-PAL-W-SQ-113-2081/082Re | 17,06,980.09 | 46,000 |
| 20 | Upgrading Of Dumre Bhaisekatta Porakene Batase Road | RIDO-PAL-W-SQ-118-2081/082Re | 17,01,381.82 | 46,000 |

# फूलसँगै फक्रिएको चेतकलाको खुशी



प्यूठान (बुटवल टुडे) ११ कार्तिक - तिहार नजिकिएसँगै बारीमा फुलेका फूलले चार वर्षदेखि श्रीमान हराएका चेतकलाको मनमा खुशी ल्याएको छ। गाउँपालिकाले पुष्प खेती अन्तर्गत फुलखेतीलाई छनौट गरेपछि यस वर्ष उनका बारीमा १ हजार ६ बोटहरूमा सयपत्री फुलेका छन्।

माण्डवी गाउँपालिका-३ लामाचौरकी ४४ वर्षिय चेतकला के.सी.ले उनको चार रोपनी क्षेत्रफल भएको बारीमा सयपत्री फूलको खेती गरेकी छन्। उनका बारीमा कर्मा, जयकिसान र स्थानीय जातका सयपत्री फूलहरूले ढकमक्क ढाकेका छन्। चार वर्ष अघि भारतको पुनामा नोकरी गरिरहेका श्रीमान हराएपछि विक्षिप्त भएकी उनी फूल उत्पादन गरेर घर चलाउने देखि छोरा पढाउनेसम्मका सपना बुनेकी छन्। 'सानै देखि फुल राप्न साह्रै रहर लाग्दथ्यो, यो वर्षदेखि व्यवसायिक रूपमै लगाउन थाले' चेतकलाले भनिन, 'यस वर्षको नाफाबाट अर्को वर्षदेखि मल्चिङ लगाएर फुलाउने योजना छ।' उनका अनुसार यस वर्ष ५ क्विन्टलको फूल उत्पादनको लक्ष्य भएपनि साढे ३ क्विन्टल बिक्री योग्य बनाउन सकिएको छ। ५० के.जि. पहिल्यै बिक्री भइसकेको छ। पुजा, विवाह, ग्रामीण क्षेत्रमा हुने कार्यक्रममा समेत फूल विक्री भएको छ। तिहारका लागि स्थानीय वजारसंगै बुटवलबाट समेत माग आउँदा खुशी लागेको छ।

चेतकलाका १५ वर्षीय छोरा छन्। उनी कक्षा ९ मा पढ्दै छन्। श्रीमान नहुँदा परिवारको काध थामेकी चेतकलाका सयपत्री फूलसंगै फक्रिएको खुशी फक्रिरहेका छन्।

माण्डवी गाउँपालिकाले उनलाई प्राविधिक र प्रविधिमा सहयोग गर्दै आएको छ। फूलखेती प्रबर्धन कार्यक्रम अन्तरगत पालिकाले सहयोग पूऱ्याउँदै आएको गाउँपालिकाका अध्यक्ष नमराज अधिकारीले जानकारी दिए। गाउँपालिकाले पालिका भित्र प्लास्टिकका फूल र माला बिक्रीमा रोक लगाइएको छ। कृतिम प्लाष्टिकजन्य मालालाई निरुत्साहित गर्दै स्थानीय फूलको प्रबर्धनका लागि सो निर्णय गरेको स्थानीय तहले जनाएका छन्।

तिहार जस्तो पवित्र चाडलाई कृत्रिम माला प्रयोग गरेर देखावटी गर्ने र स्वास्थ्यमा समेत असर गर्ने हुँदा प्लास्टिकका फूलमाला बिक्रीमा रोक लगाइएको माण्डवी गाउँपालिकाका अध्यक्ष नमराज अधिकारीले बताए। 'रोक लगाउने मात्रै होइन, व्यवसायिक फूल खेतीमा माण्डवीले किसानलाई प्रोत्साहन गरेको छ' अधिकारीले भने,'गाउँमा धेरै घरका करेसा फूल खेती भएतापनि अपुग फूल पूर्ति होस्, फूलखेतिबाट उद्यमशिलता होस भनेर अनुदान समेत दिएका छौं।' उनले पालिका भित्र कृतिम वा प्लाष्टिक जन्य फूल र माला विक्री गरेको पाइए कारबाही हुने समेत बताए।

९ स्थानीय तह रहेको प्यूठानमा माण्डवी गाउँपालिकासंगै प्यूठान नगरपालिका र स्वर्गद्वारी नगरपालिकाले समेत चाडपर्वको समयमा प्लास्टिकजन्य फूलमालाको बिक्री वितरणमा रोक लगाएको सूचना प्रकाशन गरेका छन्। ती पालिकाले छुट्टा छुट्टै सूचना जारी गर्दै तिहार र छठलगायत पर्वमा प्लास्टिक जन्य फूलमाला तथा अन्य सामग्रीको प्रयोग नगर्न आग्रह गरेका हुन।

# शिशु ज्ञानकुन्ज द्वारा दीपावली प्रदर्शनी



बुटवल (बुटवल टुडे) ११ कार्तिक। बुटवल उपमहानगर पालिका वडा नम्बर ४ आदर्शनगरमा रहेको शिशु ज्ञान कुन्ज मन्टेश्वरी स्कुलद्वारा तिहारको अवसरमा तिहार महोत्सव गरेको छ। विद्यालयमा आयोजना गरिएको कार्यक्रममा विद्यार्थीहरूले चित्रकला प्रदर्शनी, विभिन्न प्रकारका खाना समेत प्रदर्शनी गरिएको शिशु ज्ञान कुञ्जका प्रधानाध्यापक रिता शर्माले जानकारी दिए। कार्यक्रममा विद्यालयका अध्यक्ष चन्दा अर्याल, कार्यक्रम संयोजक तुलसी थापा लगायतले आ-आफ्नो भनाई राखेका थिए। सो कार्यक्रमबाट संकलन भएको रकम अनाथ आश्रममा सहयोग गर्ने योजना समेत रहेको प्रधानाध्यापक शर्माले जानकारी दिईन्।

# स्वास्थ्य जाँचबाट दुर्घटना घटाउने योजना



चन्द्रौटा (बुटवल टुडे) , ११ कार्तिक- "चाडपर्वको समयमा यात्रुको चाप बढ्नसक्ने भएकाले ट्राफिक प्रहरीले विशेष योजना बनाएको छ। यात्रु सुरक्षाका लागि नयाँ कदम चाल्दै सडकमै स्वास्थ्य परीक्षण अभियान सुरु गरेको छौं": जिल्ला ट्राफिक प्रहरी कपिलवस्तु प्रमुख निरीक्षक पङ्कज चुँदालीले भने। सडक दुर्घटना न्यूनीकरणसँगै यात्रु सुरक्षाका लागि नयाँ कदम चाल्दै सडकमै स्वास्थ्य परीक्षण अभियान सुरु उनले बताए। सवारी चेकजाँच, विद्यालय र समुदायमा सचेतनाका कार्यक्रम समेत सञ्चालन गरिने चुँदालीको भनाइ छ।

शुक्रवारबाट सुरु भएको यस अभियान अन्तर्गत राजमार्गमा चल्ने सवारी चालकहरूको दृष्टि र रक्तचाप जाँच गरिएको छ। अभियानको पहिलो दिनमा ८७ जना चालकको स्वास्थ्य परीक्षण गर्दा केहीमा आँखा तथा रक्तचापसम्बन्धी समस्या पाइएको छ। दृष्टि, रङ्ग चिन्ने क्षमता, र रक्तचाप जाँच गरिएका चालकहरूमध्ये स्वास्थ्य समस्या पाएका चालकलाई थप उपचारको सल्लाह दिइएको प्रहरीले जनाएको छ। छन्द (कालेबाबु) नारायणी आँखा अस्पताल बहादुरगन्जका दृष्टि विशेषज्ञ डा. सुशील कार्कीले समस्या पाएका चालकलाई आवश्यक परामर्श दिइएको जानकारी दिए।

अभियानलाई नियमित बनाउने योजना रहेको ट्राफिक प्रहरी नायव निरीक्षक राघव सिंह राठौरले बताए। उनले भने, "ट्राफिक प्रहरीको जिम्मेवारी केवल कारबाही र राजस्व सङ्कलन मात्र होइन। चालक, सहचालक, र यात्रुको सुरक्षामा सचेतना ल्याउने हाम्रो मुख्य उद्देश्य हो।" नवलपरासीका सवारी चालक लेख बहादुर राना मगरले लामो समय गाडी चलाउनुपर्ने चालकहरूको स्वास्थ्य नियमित परीक्षणको आवश्यकता रहेको बताए। सवारी दुर्घटनाको जोखिम कम गर्दै यात्रुको सुरक्षामा सुधार ल्याउन र चालकहरूमा नियमित स्वास्थ्य परीक्षणको महत्त्व बुझाउन यो अभियानले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

जिल्ला ट्राफिक प्रहरी निरीक्षक पङ्कज चुँदालीका अनुसार चाँडपर्वको समयलाई मध्यनजर गर्दै बनाइएको यो विशेष योजनाले यात्रु सुरक्षालाई बलियो बनाउने अपेक्षा गरिएको छ।

# डहरे खोलामा पक्की पुल शिलन्यास



गुल्मी (बुटवल टुडे) ११ कार्तिक- लामो समयदेखि नागरिकहरूले पटकपटक समस्या भोग्दै आएको गुल्मीको रिडी-रुद्रवेणी-वामीटक्सार सडकखण्ड अन्तरगत डहरे खोलामा पक्की पुल निर्माण सुरु भएको छ। आईतबार पुलको शिलन्यास गर्दै गुल्मी क्षेत्र नं १ का सांसद डाक्टर चन्द्र भण्डारीले बर्षौदेखि नागरिकले खेप्दै आएको ठुलो सास्ती चाँडै नै अन्त्य हुने बताएका छन।

उनले नागरिकहरूको समस्यालाई मध्यनजर गरेर पटक पटकको ठूलो संर्घषका कारण योजना समावेश गरि काम शुरु गरेको जानकारी गराए। वषौदेखि त्यस क्षेत्रका नागरिकहरूले पाउँदै आएको दुख र सास्तीलाई हेरेर समयमै काम सम्पन्न गर्न सांसद भण्डारीले निर्माण व्यावसायीलाई आग्रह समेत गरेका छन।

रिडी-रुद्रवेणी-वामीटक्सार सडकखण्डहुँदै बाग्लुङ्को बुर्तिवाङ्सम्म आवजतजावतका लागि अतिनै ब्यस्तहुने डहरे खोलामा पक्की पुल नहुँदा नागरिकहरूले ठूलो समस्या भोग्दै आईरहेका थिए। रिडी-रुद्रवेणी-वामीटक्सार सडकखण्डमा चारवटा पुलहरूको प्याकेजमा निर्माण शुरु गरिदै छ। एउटै ठेक्का मार्फत डहरेसहित नादेवा, भार्से र गिदीखोलामा पुल निर्माणको सम्झौता भएको छ।

राजेश्वरी-लुम्बिनी जेभीले पुल निर्माणको सम्झौता गरेको सडक डिभिजन कार्यालय पाल्पाका प्रमुख इन्जिनियर रामपुकार जैसवालले जानकारी दिएका छन। निर्माण व्यावसायीले ०८० जेठ २२ गते पुल निर्माणको सम्झौता गरे पनि पुलको डिजाइन पनि निर्माण व्यावसायीलेनै गर्नुपर्ने भएकाले ढिला काम सुरु भएको इन्जिनियर जैसवालले बताए। उक्त पुलको ०८२ साउन २२ गते निर्माण सक्नुपर्ने सम्झौतामा उल्लेख छ। चारवटै पुल निर्माणको लागि संघिय बजेट मार्फत २२ करोड ३१ लाख रूपैयाँ लागत लाग्ने सडक डिभिजन कार्यालय पाल्पाले जनाएको छ।

सरकारले काम गरेको रकम समयमै भुक्तानी गरे सम्झौता समय अगाडिनै आफुले पुल निर्माण सम्पन्न गर्ने निर्माण व्यवसायी भागवत गिरीले बताए। पुल शिलन्यास कार्यक्रममा राष्ट्रिय सभा सदस्य बिष्णु कुमारी सापकोटा, लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, लुम्बिनी प्रदेश सभा सदस्य चिन्तामणी पाण्डेय, यमु गैरे लगायत स्थानीय जनप्रतिनधि एवं सर्वसाधारणको उपस्थिति रहेको थियो।

# इन्टर लियो कप उपाधि भलवारीलाई



बुटवल (बुटवल टुडे), ११ कार्तिक- लियो क्लब अफ बुटवल सिद्धबाबाको आयोजनामा तेश्रो इन्टर लियो जिल्ला स्तरीय प्रेसिडेन्ट कप सम्पन्न भएको छ। फुटसल प्रतियोगितामा लियो क्लव अफ भलबारी युथले ट्राईब्रेकरमा २-१ को गोल अन्तरले लियो क्लव अफ रामनगरलाई हराउँदै विजयी भएको हो। तिलोत्तमा को मोनालिसा फुटसल एरिनामा भएको प्रतियोगितामा लियो रामनगरका माधव तिवारी उत्कृष्ट गोल रक्षक घोषित भएका छन्। त्यस्तै रामनगरकै असमान थापा क्षेत्रीलाई सर्वाधिक गोलकर्ताको पुरस्कार दिएको थियो। त्यस्तै, भलबारी युथ क्लबका मयंक जुगजाली उत्कृष्ट खेलाडी घोषित भएका छन्।

प्रतियोगिताको समापन समारोहमा विजयी समूहलाई पुरस्कार वितरण गर्दै फर्स्ट भिडीजी पिएमाजे अफ बलाराम भट्टराईले यस्ता प्रतियोगिताबाट जिल्ला स्तरको खेलाडीको प्रतिभा प्रस्फुटन गर्न सघाऊ हुने बताए।

पुरस्कार वितरण समारोहमा लियो जिल्ला परिषद् ३२५ पी नेपालका अध्यक्ष श्रद्धा कुँवरले, उपाध्यक्ष प्रवीण पौडेल, सचिव सुमन पौडेल, कोषाध्यक्ष प्रवीण गौडेल, लियो क्लव अफ बुटवल सिद्धबाबा अध्यक्ष प्रनेश पौडेल एरिया चिफ सुनिल कुँवर, मानिस ढकाल तथा सम्पुर्ण जिल्ला पदाधिकारी लगायत सदस्यहरूको उपस्थिति थियो।

# बुबाआमाको चौरासी पूजामा कृति बिमोचन



बुटवल (बुटवल टुडे), ११ कार्तिक। वाङमय प्रज्ञा प्रतिष्ठान, पाल्पाका अध्यक्ष गोपालप्रसाद वश्यालले आफ्ना पिता गुणाखर वश्याल र माता यमकला वश्यालको चौरासी पुजाका दिन आफ्ना अंग्रेजी भाषामा लेखिएका कविताहरूको सँगालो द जर्नी एण्ड अदर पोएम्स् को बिमोचन गरेका छन्।

आमाबुबाको चौरासीमा उपस्थित पाहुनाहरूका विच कृतिकारका बुबाआमा, लुम्बिनी प्रदेश सभासद वीर बहादुर राना, रम्भा गाउँपालिका अध्यक्ष विष्णु भण्डारी, त्रिभुवन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख टंक भट्टराई, जिल्ला समन्वय समिति पाल्पाका सदस्य केशवराज खरालसहितले कृतिको बिमोचन गरेका हुन्। कृतिको बिमोचन गर्दै साँसद राना, अध्यक्ष भण्डारी र प्रमुख भट्टराईले साहित्यकार वश्यालले शिक्षा र साहित्यका क्षेत्रमा गरेको योगदान र नेतृत्वदायी भूमिकाको प्रशंसा गर्दै उनीजस्ता सर्जकले समाजलाई असल बाटोमा लैजान मद्दत गरेको बताए। नेपाली तथा अंग्रेजी दुवै भाषामा साहित्य रचना गर्ने कवि वश्यालले यस कृतिमा विभिन्न समयमा लेखिएका २७ वटा कविताहरू समावेश गरेका छन्। यी कवितामा मूलतः मानवीय समवेदना, सामाजिक सन्देश, राष्ट्रप्रेम, पेशाप्रतिको सम्मान र सामाजिक एवम् राजनीतिक विकृतिहरूमाथि ब्यंग्यात्मक प्रहार रहेको स्रष्टा वश्यालले बताए। पंडितहरूले स्वस्तिवाचन गरेर सुरू गरिएको कृति बिमोचन कार्यक्रमको सञ्चालन पोखराथोक साहित्य संगमका पूर्व अध्यक्ष हरि प्रसाद भट्टराईले गरेका


## पुन: परिक्षा सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८१।०७।१२

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को शौक्षिक सत्र २०८१।८२ को भर्नाको लागि तपलिका कार्यक्रमहरुमा केही सिट रिक्त भएकोले पुन: प्रवेश परिक्षा हुने भएको हुँदा मिति २०८१/०७/२६ गते ५ बजे सम्म आवेदन दिन सुचित गरिन्छ ।

तपसिल :

| क्र. सं. | कार्यक्रम | रिक्त वर्ग कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १ | सामान्य चिकित्सा आयुर्वेद | पूर्ण शुल्किय कोटा | २६ |

■ पुन: प्रवेश परिक्षा संचालन मिति: २०८१/०७/२८ गते विहान ८:०० बजे

**सिद्धार्थ इन्ष्टिच्यूट अफ मेडिकल टेक्नोलोजी**

सिद्धार्थनगर नगरपालिका-१२ भैरहवा, रूपन्देही

**सम्पर्क नं : ९८४७२६११३९, ९७४९७३५९२८**



## सच्च्याईएको

यस समुहबाट मिति २०८१।०७।०६ गते काठ दाउरा लिलाम सम्बन्धी सूचना प्रकाशन गरिएकोमा म्याद भित्र डिभिजन वन कार्यालय, रुपन्देहीमा सूचना सम्प्रेषण हुन नसकेकोले सूचना प्रकाशन मिति २०८१।०७।१२ गते बाट लागु हुने गरी काठ दाउरा लिलाम विक्रिको सोही सूचना पुन प्रकाशन गरिएको छ।

**श्री बुद्धनगर सामुदायिक उपभोक्ता समुह**

**देवदह-९, रूपन्देही**

**गोलिया काठ बोलपत्रद्वारा लिलाम विक्रिको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति:** २०८१।०७।१२

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ. व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा राखिएको साल ७०१.२ क्यू. फिट र असना ३५४.७ क्यू. फिट गरी जम्मा १०५५.९ क्यू. फिट काठ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। डिभिजन वन कार्यालयमा सुचिकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सुचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र समुहको कार्यालय वा डिभिजन वन कार्यालयबाट बोलपत्र खरिद गरी २२ औं दिन ४:०० बजे भित्र जुन कार्यालयबाट खरिद गरिएको हो सोही कार्यालयमा दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत सुचना समुहको कार्यालय समेतमा टाँस गरिएको छ । विस्तृत जानकारीको लागि समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

**चेतमान श्रेष्ठ**
**अध्यक्ष**



## श्री रंगीलाल माध्यमिक विद्यालय

**शिवराज-११, कपिलवस्तु**

**शिक्षक आवश्यकता**

**सूचना प्रकाशित मिति:** २०८१/०७/१२

उपरोक्त विषय सम्बन्धमा शिवराज नगरपालिकाको मिति २०८१/०७/०७ को अनुमतिपत्र तथा वि. व्य. स. को मिति २०८१/०७/०७ को निर्णय अनुसार उक्त पदमा खुलला विज्ञापनबाट नियुक्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तपसील अनुसार दरखास्त आह्वाान गरिन्छ।

तपसील:

१. **विज्ञापन नं.**: ००२/०८१/०८२
२. **पद**: शिक्षक ३ **विषय**: गणित ४ **तह**: मा.वि.
५. **आवश्यक पद संख्या**: एक (१)
६. **सेवाको किसिम**: संघीय शिक्षक सहयोग अनुदान
७. **आवेदन दस्तुर**: रु. १०००/-
८. **उमेर**: १८ पुरा भई ४० वर्ष ननाघेको
९. **दरखास्त दिने अन्तिम समय**: २०८१/०७/२१ (विद्यालय समयसम्म)
१०. **सम्पर्क मिति**: २०८१/०७/२३ गते
११. **तलब स्केल**: संघीय शिक्षक सहयोग अनुदानको नियमानुसार
१२. **शैक्षिक योग्यता**: सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उतिर्ण (माथिल्लो योग्यता र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ)
१३ **परीक्षा मिति**: सम्पर्क मितिको दिन तोकिनेछ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :**

(**क**)हस्तलिखित सक्कल निवेदन (**ख**)नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति (**ग**)अध्यापन अनुमतिपत्रको प्रतिलिपि १ प्रति (**घ**) शैक्षिक योग्यताको प्रतिलिपिहरु १/१ प्रति

नोटः रित नपुगेका वा म्याद नाघी आएका निवेदन उपर कुनै कार्यवाही गरिने छैन।

**सम्पर्क नं.** ९८६७२८९४६३, ९७०३३७७०१३ **प्रधानाध्यापक**



## शुद्धोदन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**मानपकडी, रूपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

**त्रुटी सच्याइको सम्बन्धी सूचना ।**

**सूचना प्रकाशित मिति:**२०८१।०७।१२

वर्षिम घाँसको बिउ खरिद सम्बन्धी शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित मिति २०८१/०७/०१ गतेका दिन बुटवल टुडेमा प्रकाशन भएको उक्त सूचनामा भुलवस केही त्रुटी भएकोले देहाय बमोजिम हुनेगरी सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

१) नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनी, संस्था वा सप्लायर्स हुनुपर्नेछ।
२) सूचना प्रकाशन भएको मितिले १५ औं दिनसम्म दरभाउ पत्र कार्यालयबाट खरिद भएको र १६ औं दिनको १२ बजेसम्म दर्ता गरि सक्नुपर्नेछ।
३) इस्टिमेट अंक रु. ९,५०,०००/- (अक्षेरेपी रु. नौ लाख पचास हजार मात्र) रहेको छ।
४) दरभाउ पत्र जमानत रकम रु. २३,७५०/- (तेइस हजार सात सय पचास मात्र) यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक फर्साटिकर शाखाको धरौटी खाता ग-३-०४२४५०११५०२७९०४५ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ७५ दिन (दरभाउपत्र खुल्ने मितिबाट) म्याद भएको (कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको) बिडबण्ड संलग्न हुनु पर्नेछ।
५) दरभाउ पत्र दस्तुर रु. १०००/- (एक हजार मात्र) रहेको छ।
६) प्राप्त शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
७) यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा प्रचलित ऐन नियमानुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## श्री आदर्श आधारभूत विद्यालय महादेव

**शुद्धोधन गा. पा., महादेव, कपिलवस्तु**

**शिक्षक आवश्यकता**

**सूचना प्रकापिशत मिति:** २०८१/०७/१२

प्रस्तुत विषय सम्बन्धमा यस विद्यालयको मिति २०८१/७/११ गते बसेको वि. व्य. स. को वैठकको निर्णय अनुसार यस विद्यालयले गा.पा. बाट प्राप्त गरेको २०८१/०८२ को अनुदानबाट आधारभूत तहमा निजि शिक्षक पदमा खुल्ला प्रतिस्पर्धाको माध्यमद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले सूचना प्रकाशन भएको मितिले १५ (पन्धै) दिनभित्र तपसिलको विवरण अनुसार दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

- **विज्ञापन नं.**: ०५-०८१/०८२
- **पद**: शिक्षक ■ **तह**: आधारभूत (वडा अनुदान) ■ **माग संख्या**: १ जना
- **शैक्षिक योग्यता**: गणित विषयमा I.ed. वा सो सरह उत्तिर्ण गरेको
- उमेर हद: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- तलब स्केल: वि.व्य.स. को निर्णय अनुसार
- आवश्यक कागजातहरु: नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, स्थायी अध्ययन अनुमति पत्रको प्रतिलिपि
- दरखास्त दस्तुर: ५००/-
- दरखास्त दिने स्थान: श्री आदर्श आधारभूत विद्यालय महादेव, (कपिलवस्तु)
- परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
- दरखास्त दिने अन्तिम मिति: २०८१/०८/०६ गते कार्यालय समय भित्र)
- सम्पर्क मिति: २०८१/०८/०६
- परीक्षा मिति: सम्पर्क मितिको दिन तोकिने छ।
- अन्य कुरा शिक्षा ऐन र नियमावली अनुसार हुने छ।
- अन्य जानकारीको लागि सम्पर्क नं. (प्र. अ.) ९८४७१९१११८

**प्रधानाध्यापक**


**बुटवल पब्लिकेशन (प्रा.) लि.** द्वारा प्रकाशित **प्रधान कार्यालय**: बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, **फोन**: ०७१-५५४६४०, ५५४६४२, **इमेल**: newsbutwaltoday@gmail.com (Paper News), addbutwaltoday@gmail.com (Advt.), ebutwaltoday@gmail.com(online news)
**अध्यक्ष**: हरि प्रसाद पौडेल, **प्रबन्ध संचालक/प्रवन्ध सम्पादक** : नवराज कुँवर, **सम्पादक**: कृष्ण मल्ल, **मुद्रण**: पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.